# नेपालमा सहकारीको स्थितिः भ्रष्टाचारविरुद्धको महासन्धि UNCAC को सन्दर्भमा

*भ्रष्टाचारविरुद्धको महासन्धिका सन्दर्भमा सहकारी क्षेत्रमा सुशासन र पारदर्शिताको आवश्यकता*

**गौरीबहादुर कार्की,**
**पूर्व अध्यक्ष, विशेष अदालत**

संविधानले सार्वजनिक, निजी र सहकारी गरी आर्थिक विकासका तीन क्षेत्रलाई तीन खम्बे अर्थनीतिका रुपमा सहकारीलाई एक खम्बा मानेको छ । सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने अर्थ, उद्योग र बाणिज्य नीति संविधानले निर्देशित गरेको छ ।

वि.सं.२०१० सालमा सहकारी विभागको स्थापना देखि नेपालमा सहकारीको शुरुआत भई साझा नामकरण हुँदै विभिन्न चरण पारगर्दै २०४८ मा पुनः साझालाई सहकारीमा परिणत गरियो । सहकारी ऐन, २०४८ आयो । २०४७ सालको राजनीतिक परिवर्तन र २०४८ सालमा नयाँ ऐन आए पछि सहकारी संस्थाको स्थापनामा व्यापक रुपमा वृद्धि हुन थाल्यो । २०४८ मा नयाँ ऐन आउनु अघि ८३३ वटा सहकारी संस्था थिए । २०७४ सालमा करिव ३३ हजार ५०० प्रारम्भिक सहकारी संस्थाहरू, ६६ वटा जिल्ला सहकारी संघहरू, १५७ वटा विषयगत जिल्ला सहकारी संघहरू, १६ वटा विषयगत केन्द्रीय संघहरू, २९ वटा शाखाहरू सहित एक राष्ट्रिय सहकारी बैंक र सवै भन्दा माथिल्लो संघको रुपमा राष्ट्रिय सहकारी संघ रहेकोछ । २०४८ साल यता सहकारी संस्था च्याउ सरी गठन भए । त्यसमा पनि वचत र ऋणको कारोबार गर्ने १३ हजार लगभग छन् ।

सहकारीमा जनसहभागिता ६० लाख ३० हजार (५२ प्रतिशत महिला) रहेको मानिन्छ । शेयर पूँजी ७१ अरब ३५ करोड, वचत २ खर्ब ९५ अरब, ऋण लगानी २ खर्ब ८९ रहेको मानिएकोछ ।
देशको कुल वित्तिय कारोवारमा १५ प्रतिशत सहकारीले हिस्सा ओगटेको । सहकारी संघ संस्थामा ५० हजारले प्रत्यक्ष र ५ लाखले अप्रत्यक्ष रोजगार पाएका । **तर राष्ट्रिय उत्पादकत्वमा सहकारीको सहकारीको योगदान कति छ भन्ने कतै पाइदैन ।**

सहकारीता भनेको व्यक्तिहरू बीचको सहकार्य मानिन्छ । समुदायमा व्यक्तिहरूसंग छरिएर रहेको साधनस्रोत एकिकृत गरी सामुहिक रुपमा काम गर्ने र लगानी तथा योगदान अनुसारको प्रतिफल प्राप्त गर्ने आर्थिक सामाजिक पद्धतिलाई सहकारिता भनिन्छ । सहकारीमा प्रत्येक प्राकृतिक सदस्यको व्यक्तिगत रुपमा सहभागिता हुन्छ ।

ग्रामीण क्षेत्रमा मात्र कृषि, दुग्ध, चिया, तरकारी, कफी, उपभोक्ता, आदि संस्थाहरू सहकारीको सिद्धान्तानुसार परिचालन भएका पाइन्छन् छन् ।

सहरी क्षेत्रमा वैंक र फाइनान्स कम्पनीको रुपमा **वचत र ऋण सहकारी संस्थाहरू** सन्चालित छन् । अझै पनि पसल पसलमा दैनिक वचत उठाउने गरेको देखिन्छ । वचत र ऋण परिचालन गर्ने कतिपय सहकारी संस्थाले त विकास वैंक र वाणिज्य वैंककै हाराहारीमा कारोवार गर्ने गरेको पाइन्छ ।

*सेन्टर फर मिडिया फ्रिडमले विकास सञ्चार नेपाल (सोडेक नेपाल) र एनसिसिआरको सहकार्य र गभर्नेन्स फसिलिटिको सहयोगमा २०७४ साल असोज २ गते आयोजना गरेको 'भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुपालन हुने गरी सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन'सम्बन्धी कार्यशालामा प्रस्तुत कार्यपत्र ।*

सहकारी जाँचबुझ आयोगले वचत र ऋण कारोबार गर्ने सहकारी संस्थाले वचतकर्ताबाट उठाएको नगद रकम र हाउजिङको लागि लिएको बैना समेत गरी करिब १२ अरब रुपैयाँ हिनामिना गरेको पाइयो ।

**सहकारी उजुरी स्थिति**

**उजुरी दर्ता १२,९६२ (उजुरी दिने व्यक्ति)**

समस्याग्रस्त सहकारी संस्था १३०

उजुरी रकम ७, ६०,७९,९५,२३८।३९ सात अरब साठी करोड असी लाख रुपैयाँ,

ब्याज दावी २,४०,०७,८९,३५३।०८ दुई अरब चालिस करोड, सात लाख,

**जम्मा दावी १०,००,८७,८४,५९१।४७ दश अरब सतासी लाख**

**ओरियन्टल** ऋण तथा वचत सहकारी संस्था एउटै उपर (**अध्यक्ष सुधीर बस्नेत भएको**) सावाँ र ब्याज गरी निज उपर ६ अरब ८६ करोडको दायित्व भएको ।

**राजेन्द्र शाक्य अध्यक्ष रहेको गुण सहकारी** उपर सहकारी र हाउजिंग गरी ७९ करोड ५४ लाखको दायित्वमा दावी आएको ।

**हाउजिंग तर्फको उजुरीः**

**४८४ वटा** उजुरी परेका

हाउजिंगमा जम्मा १ अरब ४० करोड २६ लाख रकमको दावी रहेको त्यस मध्ये गुणमा १ करोड ९९ लाख, र ओरियन्टल सहकारीका अध्यक्ष सुधीर बस्नेतसंग सम्बन्धित हाउजिंग उपर १ अरब ३६ करोड दावी परेको छ । अन्य उपर २ करोडको दावी भएको ।

सहकारी र हाउजिंगमा गरी साँवा दावी ९ अरब १ करोड, सहकारीको ब्याज समेत गरी रु. जम्मा ११ अरब ४१ करोड १४ लाखको दावी ।

सहकारीमा १२,९६२ र हाउजिंगमा ४८४ गरी जम्मा १३,४४६ व्यक्तिको करिब १२ अरबको दावी आएको । सहकारी संस्थाहरू संकटग्रस्त हुनमा निम्न कारणहरू रहेका छन् ।

- ☐ **सहकारी सिद्धान्त व्यवहार र व्यवस्थापनको अन्तिम व्याख्याताको अभाव**
- ☐ **संचालन नियमावली निर्धारणको अभाव (Operational standards and rules)**
- ☐ **नियामक शक्तिको शून्यता**
- ☐ **संस्थागत विकासको कमी (Institutionalization)**
- ☐ **उद्देश्य, कार्य लक्ष्य, कार्यक्रमको अभाव**
- ☐ **हाउजिङ् कम्पनीको समस्याग्रस्तता**
- ☐ **बचतकर्ताको सम्पत्तिमा सहकारी सन्चालकको रजाँई**

**बैंकको लगानी हिनामिना**

वचतकर्ताका पैसाले जग्गा किने, बुकिङ्गकर्ताका पैसाबाट आफ्नो लगानी ९भ्त्रगष्तथ० देखाएर बैंकहरूबाट ऋण लिए । सबै परियोजनामा तेईसवटा बैंकहरूको लगानी रहेको अनुमान छ । समस्याग्रस्त नदेखिएका तर बैंकको लगानी रहेका अरु धेरै संस्थाहरू रहेका अनुमान छ ।

**सहकारी संस्थाको रकमबाट लगानी गरेका क्षेत्र**

सहकारिताको अवधारणाको दुरुपयोगको नमूना हाम्रो देश बनेको छ । मलेसिया जस्तो देशमा साना सहरमा दुईतीनवटा र ठूला शहरमा ४५ वटासम्म वचत तथा ऋण सहकारी संस्था छन् । हामीले काठमाण्डौं जिल्लामा मात्र घण्टट वचत तथा ऋण सहकारी संस्था दर्ता गयौं । काठमाण्डौमा भएका तीन सय सत्तरी वहुउद्देशीय सहकारी संस्थाले पनि वचत तथा ऋणकै कार्य गर्दछन । निगरानी गरिएन । अध्यक्ष नामधारीहरूले बस कम्पनी, हवाईजहाज कम्पनीमा, हाउजिङ्गमा, जग्गा कारोबारमा, सिनेमामा, एफएम हरूमा, टेलिभिजनमा पैसा लगाएका छन् । पारिवारिक क्लब जसरी सहकारी चलाए ।

**लगानीविनाका कम्पनीहरू**

संस्थापकहरूले आफ्नो एक पैसा हालेनन् । उनीहरू रातारात लगानीविनाका अर्बपति भए । सहकारीसित रोक्ने कानूनी औजार केही थिएन ।

**व्यवस्थापन शून्यता**

ठूला ठगी गर्नेहरूले व्यवस्थापन जानीबुझी नै अस्तव्यस्त पारेको देखिन्छ । सम्पत्ति र दायित्वको स्पष्ट हिसाब छैन, जिम्मेवार प्रशासकीय, लेखा, बजार व्यवस्थापनका कर्मचारी छैनन् । सम्पत्ति कति छ कसैलाई जानकारी छैन । कर्मचारीहरू, परिवारका व्यक्तिहरू, नदेखिने रुपमा रहेका हिस्सेदारहरू घोटालामा संलग्न रहेको अनुमान छ ।

**समस्याका कारण**

अवास्तविक रुपमा मूल्य बृद्धि भई देशको बित्तीय कारोबारमा नै असर पर्ने देखिएपछि जग्गा कारोबारमा बैंकहरूको लगानीमा नेपाल राष्ट्र बैंकले सीमा लगाई दियो । फलतस् जग्गाको अवास्तिक किनबेच र मूल्यमा गिरावट आयो । उच्च मूल्यमा बेच्न किनेका जग्गाहरूको भाउ घट्यो । सहकारीका अध्यक्षहरूसित आफ्नो लगानी थिएन, उनीहरूसित जग्गा बिक्री बन्द भएपछि तरलता रहेन । समयमा साँवा व्याज फिर्ता दिन नसकेर अध्यक्षहरू लुकेर हिड्न थाले। उनीहरूको तासको घर एकैपटक ढल्न पुग्यो ।

**भ्रष्टाचारविरुद्धको महासन्धि र सहकारीको सम्बन्ध कसरी हुने ? संयुक्त राष्ट्रसंघको २००३ को यो महासन्धिले भ्रष्टाचार विरुद्धका धेरै प्रावधानको व्यवस्था गरेकोछ । १० डिसेम्बर २०११ म नेपालले सम्मिलन गरेको । महासन्धिअनुसार धेरै काम हुन बाँकी छ ।**

सहकारीमा रकम दुरुपयोग भ्रष्टाचारकै अर्को रुप हो, तर निजी क्षेत्रमा भ्रष्टाचार अनुसन्धान गर्न अख्तियारलाई अधिकार नभएको । निजीक्षेत्र भ्रष्टाचारको कारबाहीबाट बाहिर अर्थात् मुक्त छ । **महासन्धिको धारा १२ अनुसार कारबाहीको अधिकार हुने गरी राज्यले कानून बनाउनुपर्ने ।**

कानूनी श्रोत नभएको सम्पत्तिको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून आकर्षित हुन सक्छ । तर नेपालमा यो क्षेत्र स्रोत नभएका सम्पत्तिवालाको सम्बन्धमा त निष्कृय जस्तै छ भने सहकारीको क्षेत्रमा झन् आकृष्ट हुने सम्भावना छैन । जबसम्म सम्पत्ति शुद्धीकरण विभागलाई स्वतन्त्र सम्वैधानिक निकाय बनाइदैन तवसम्म यो विभाग निष्कृय हुन पुग्दछ - **राजनैतिक हस्तक्षेप र दवावका कारणले ।**

सहकारी ऐनको कामजोरी सुधार गर्न जाँचबुझ आयोगले ऐनको मस्यौदा नै दिएको थियो । २०७० चैत्रमा अध्यादेश नै जारी गरियो, तर निष्कृय पारियो, सवै दलहरूको मिलेमतोमा । राजनीतिक दल र संसदलाई सहकारीमा सुधार गर्नेतर्फ कुनै सरोकार नै नभए जस्तो देखिने ।

सहकारी ऐनको विधेयक संसदमा विचाराधीन छ । उपसमितिमा छलफलको क्रममा रहेको छ । **६९४ वटा संशोधनका सुझाव दर्ता भएका छन् ।**

नियमन कमजोर बनाउने, हिनामिनामा कारबाही गर्न नपाउने, मनपरी गर्न पाउनु पर्ने, उत्पादनमूलक कार्यमा सहकारीलाई लगाउनेतिर हैन कि ऋण र वचतको कारोबार वैंकले झैं गर्न पाउनु पर्नेमा सांसदको ध्यान केन्द्रित छ । वाफिया ऐन र अहिलेको चिकित्सा सम्बन्धी विधेयकमा झैं सांसदहरू विधेयकलाई कमजोर पार्नमा सकृय रहेका ।

राजनीतिक दलहरूले ध्यान नै नदिएका । विधयकमा के के सुधार हुनु पर्ने हो ? अन्तरराष्ट्रिय परंपरा र प्रचलन के छ भन्ने तिर ध्यान नै दिइदैन । राज्यको स्रोतको विचलनमा कोही जिम्मेवार हुनु नपर्ने, जनताको सम्पत्ति लुट हुँदा पनि सरकार निरीह र निष्कृय रहने अवस्था भनेको भ्रष्टाचार महासन्धिको पनि उल्लंघन हो ।

भ्रष्टाचार र गैरकानूनी तवरबाट कमाएको सम्पत्ति लुकाउने ठाउँ सहकारी भएको छ ।
Who will bell the cat? को अवस्था रहेको छ ।

सहकारी ऐनलाई समयानुकूल बलियो बनाई, भ्रष्टाचार नहुने, जनताको सम्पत्ति विचलन नहुने तिर सोचिनु पर्ने हो तर ???

**यस्तो अवस्थामा प्रस्तावित विचाराधीन विधेयकलाई नियमनकारी प्रावधान नहटाउने गरी पारित गर्नु पर्दछ । अनिमात्र सहकारी बलियो हुन्छ र महासन्धिको कार्यान्वयन हुन जान्छ ।**

**गौरीबहादुर कार्की,**
**पूर्व अध्यक्ष विशेष अदालत,**
**अध्यक्ष, तत्कालीन सहकारी जाँचबुझ आयोग २०७०**
**हाल अध्यक्ष, चिकित्सा शिक्षा जाँचबुझ आयोग, २०७४**
**gauribkarki@gmail.com, सूर्यविनायक, भक्तपुर ।**
**२ असोज २०७४**